बर्दिबास नगर कार्यपालिकाको प्रथम बैठकका निर्णयहरू :

१. बर्दिबास नगरपालिकामा स्थानीय तह सदस्य निर्वाचन २०७९ शान्तिपूर्ण रुपमा सम्पन्न गराउन सफल भएकोमा निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय लगायत निर्वाचनमा संलग्न सम्पूर्ण निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, शिक्षक वर्ग लगायत सरकारी संस्थानहरुमा कार्यरत सबै राष्ट्रसेवकहरुमा नव निर्वाचित बर्दिबास नगर कार्यपालिका हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछ।

२. स्थानीय तह निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गराउन अमूल्य सहभागीता जनाउनुहुने बर्दिबास नगरपालिकाका सम्पूर्ण नगरवासी, मतदाता, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, निर्वाचनमा सहभागी सम्पूर्ण राजनैतिक दलहरुमा बर्दिबास नगर कार्यपालिकाको नव निर्वाचित नगरकार्यपालिकाको प्रथम बैठक हार्दिक आभार एवम कृतज्ञता ज्ञापन गर्दछ।

३. नव निर्वाचित नगर कार्यपालिकाले आफ्नो कार्य अवधिमा नगरका सम्पूर्ण नागरिकहरुको घरदैलोमा सरकार(Door to Door Government) को रुपमा नागरिक सेवामा दत्तचित्त रहने प्रण गर्दछ।

४. नव निर्वाचित नगरकार्यपालिका आफ्नो कार्य अवधिमा नगरवासी नागरिकहरुप्रति पूर्ण जवाफदेही हुँदै पारदर्शिता, असल शासन र भ्रष्टाचार मुक्त प्रशासनका सिद्धान्तहरुबाट निर्देशित हुँदै असल चरित्र र उच्च नैतिक आचारणहरु पालना गर्ने प्रण गर्दछ ।

५. नव निर्वाचित बर्दिबास नगर कार्यपालिकाले आफ्नो कार्यअवधिमा नागरिक सेवा र नगरको विकास गर्दै नागरिक जीवनस्तर उठाउने कार्यमा बर्दिबास नगरभित्र र बाहिरका सरकारी र गैर सरकारी निकायहरु,आम नगरवासी नागरिकहरु बौद्धिक समुदाय, नागरिक समाज, सबै राजनैतिक दलहरु छिमेकी नगर सरकारहरु, राष्ट्रसेवामा समर्पित सबै राष्ट्रसेवकहरु, सञ्चार जगत, मधेश प्रदेश सरकार, नेपाल सरकार (सङ्घीय सरकार) र विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायहरुबाट पूर्ण सहयोग र समन्वय हुने आशा एवम भरोसा प्रकट गर्दछ।

६. नेपालको संविधान २०७२ को धारा २१७ अनुसार देहाय बमोजिम न्यायिक समिती गठन गर्ने ।

**न्यायिक समिती**

१. उप प्रमुख – तारा देवी – संयोजक
२. कार्यपालिका सदस्य – विना कुमारी पाख्रिन – सदस्य
३. कार्यपालिका सदस्य – विन्देश्वर साह – सदस्य

०७९/२/१५

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

७. स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६५, ६६ र ६७ अनुसार देहाय बमोजिम समितीहरू गठन गर्ने ।

**स्थानिय राजश्व परामर्श समिति**

१. तारा देवी (उप प्रमुख) –संयोजक
२.धर्मनन्द जोशी(प्र.प्र.अ.) –सदस्य
३.लक्ष्मी कोइराला –सदस्य
४.रामचलित्तर पंजियार –सदस्य
५. वर्दिवास उधोग वाणिज्य संघका प्रतिनिधि
६.मिश्रीलाल यादव(राजश्व शाखा) –सदस्य सचिव

**स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति**

१. प्रहलाद कुमार क्षेत्री(नगर प्रमुख) –संयोजक
२. तारा देवि (उप प्रमुख) –सदस्य
३. प्रतिमा विश्वकर्मा –सदस्य
४. घुरन महतो –सदस्य
५. विराट विष्ट –सदस्य
६. शमसेर सिंह –सदस्य
७. धर्मनन्द जोशी(प्र.प्र.अ.) –सदस्य सचिव

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

१. श्री तारा देवी (उप प्रमुख) –संयोजक
२. श्री अक्कलमान तामाङ्ग –संयोजक (आर्थिक विकास समिति)
३. श्री रामस्वगारथ यादव –संयोजक (सामाजिक विकास समिति)
४. श्री काहार मान स्याङ्गवा –संयोजक (शुसासन विकास समिति)
५. श्री धिरेन्द्र कुमार सिंह –संयोजक (पुर्वाधार विकास समिति)
६. श्री भोला खड्का –संयोजक (वातावरण तथा विपद व्यवस्थापन समिति)
७. श्री धर्मनन्द जोशी –सदस्य (प्रमुख प्रशासकीय अधिकृत)
८. श्री दिपकराज पौडेल –सदस्य सचिव(योजना शाखा प्रमुख)

८. स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार गठन गर्नु पर्ने विषयगत समितिहरूमा देहाय वमोजिम संयोजक तथा सदस्यहरू तोक्ने ।

**आर्थिक विकास समिति**

१. अक्कलमान तामाङ्ग –संयोजक
२. ऐश्वर्य वोम्जन तमाङ –सदस्य
३.. लेखा अधिकृत शर्मिला कुमारी तामाङ्ग– सदस्य सचिव

**सामाजिक विकास समिति**

१. रामस्वगारथ यादव –संयोजक
२. अन्सीला लामा –सदस्य
३. अ.आठौ गणेश प्रसाद दहाल– सदस्य सचिव

**वातावरण तथा विपद व्यवस्थापन समिति**

१.भोला खड्का –संयोजक
२.
३. अधिकृत चित्रराज निरौला – सदस्य सचिव

**पुर्वाधार विकास समिति**

१.धिरेन्द्र कुमार सिंह – संयोजक
२.
३.इन्जिनियर शिवेस कुमार सिंह – सदस्य सचिव

६/२/१५
धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

| |
|---|
| शुसासन समिति |
| १. काहार मान स्याङ्बा –संयोजक |
| २. |
| ३. सुचना प्रविधि अधिकृत सोम कुमार फुयाल– सदस्य सचिव |

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

९. बर्दिबास जलेश्वर सडक खण्डमा नाला निर्माणको क्रममा आवास भत्किन गइ विस्थापित हुन पुगेका हात्थिलेटका **छेवि यादव**लाइ तत्काल राहत स्वरूप रू २०,०००( बीस हजार) आर्थिक साहयता प्रदान गर्ने

१०. अर्थिक वर्ष ७९।८० को लागि नीति तथा कार्यक्रमहरू र बजेट निर्माण गरि नगर सभा सम्पन्न गर्नु पर्ने भएकाले वडा स्तरमा संचालन हुने टोल भेलाहरू, वडा समितिको बैठक लगायतका कार्यहरू गरि योजना संकलन र बजेट अनुमान गर्ने कार्य यहि २०७९ जेष्ठ २० गतेबाट अरम्भ गरि जेठ ३० गते भित्र नगरपालिकाको योजना शाखामा पेश गर्न सबै वडा समितिहरू र वडा कार्यालयहरूलाइ निर्देशन दिने ।

११. नेपालको संविधान र सङ्घीय कानून वमोजिम नगरसभाको शत्र सञ्चालनको तयारी गर्न र आगामी आर्थिक वर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम र वजेट निर्माणको तयारी गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यालयलाई निर्देशित गर्दछ।

१२. नव निर्वाचित नगर प्रमुख ज्यूबाट मिति २०७९।०२।१२ गते पद वहालिका दिन भएका निर्णयहरू अनुमेदन गर्दै उत्त निर्णयहरूका लागि नगर प्रमुख ज्युमा हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

१३. नव निर्वाचित नगर प्रमुख ज्यूले आफ्नो कार्य अवधिभर नगरपालिकाबाट **सरकारी आवास, सवारी साधन र इन्धन सुविधा नलिने** र नगर प्रमुख ज्यूले पाउने **नगद आर्थिक सुविधा तथा भत्ताहरूबाट प्रहलाद क्षेत्री विपन्न साहयता अक्षय कोष** निर्माण गरि सोको ब्याजबाट विपन्न वर्गलाइ आर्थिक साहयता प्रदान गर्ने गरि गर्नु भएका स्वघोषणाहरू अनुमोदन गर्दै नगर प्रमुख ज्युबाट भएका उत्त स्वघोषणाहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्ने ।

१४. देहाय बमोजिम खर्च कटौति गर्ने ।

क) नगरपालिकाबाट संचालन हुने कार्यक्रमहरू नगरपालिका भवन, सामुदायिक भवनहरूमा मात्र संचालन गर्ने, नगरपालिका र सामुदायिक भवनहरूले धान्न नसक्ने ठूलो संख्यामा उपस्थिति हुने अत्यावश्यक गोष्ठि सेमिनार तथा कार्यक्रमहरू गर्नु पर्ने भएमा औचित्य हेरी होटल वा पार्टि प्यालेसमा मितव्ययिता अपनाइ मात्र गर्ने ।

ख) विगतमा नगर प्रमुखले प्रयोग गर्दै आएको आवासिय भवन प्रमुख प्रशासकीय अधिकृतको अवासको रूपमा प्रयोग गर्ने। (सो कार्यबाट वार्षिक करिव तिन लाख खर्च कटौति हुनेछ )

०७९।२।१९

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत